# आजादी का अमृत महोत्सव

## भारतको ७७औं स्वतन्त्रता दिवस मनाउदै

## राजदूतको सन्देश



भारतको ७७ औं स्वतन्त्रता दिवसको अवसरमा सबै भारतीय नागरिक र नेपालमा रहनुभएका भारतका मित्रहरूमा म न्यानो अभिवादन टक्र्याउन चाहन्छु । स्वतन्त्रता दिवस हामी सबैका लागि हाम्रो विकास यात्राको यस 'अमृतकाल' मा राष्ट्र निर्माणको कार्यमा आफूलाई फेरि समर्पित गर्ने अवसर हो । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नु भएजस्तैं भारत अपराजित भावना बोकेको एउटा महत्वाकांक्षी समाज हो । यो भावना गएका वर्षहरूमा प्रष्ट रूपमा देखियो जुन समयमा हामीले कोभिड–१९ को महामारीलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्‍यौं । प्रधानमन्त्री मोदीले भन्नु भएझैं चेतना र ज्ञानको जागरणले हाम्रो राष्ट्रलाई यस अप्रत्याशित घडीमा 'आत्मनिर्भर भारत' बन्ने दिशामा अघि बढ्न ऊर्जा प्रदान गरेको छ ।

पुनरूत्थानशील भारतबाट विश्वले गरेका अपेक्षाहरूबारे हामी जानकार छौं । भारतले आफ्नो जिम्मेवारीको दायरा बढाउँदै लगेको छ जुन कोभिड–१९ महामारीको बेला भारतले खोप मैत्री अभियानमार्फत विकासशील मित्र राष्ट्रहरूमा ठूलो परिमाणमा कोभिडविरूद्धको खोप पठाएकोले पनि पुष्टि हुन्छ । 'सबैको साथ, सबैको विश्वास र सबैको प्रयास' हाम्रो मार्गदर्शक मन्त्र रहेको कुरा प्रधानमन्त्री मोदीले बारम्बार भन्नु भएको छ । हाम्रा छिमेकी देशहरूप्रति हाम्रो नीति र हाम्रो कदममा पनि यो भाव स्पष्ट देखिन्छ । हाम्रो छिमेकी पहिलो नीतिमा नेपालको विशेष स्थान रहेको छ । घनिष्ठ मित्र र छिमेकीका रूपमा नेपाल र भारतबीच गहिरो मैत्री सम्बन्ध रहेको छ । हाम्रो यो सम्बन्धलाई जनता–जनताबीचको बलियो सम्पर्क तथा साँस्कृतिक साइनोले वर्षौंदेखि जोगाएर राखेको छ । यी सम्बन्धलाई सबै पक्षबाट थप सुदृढ गर्ने हाम्रो प्रयास रहेको छ र रहनेछ ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निमन्त्रणामा हालै भएको नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणले यो प्रयासलाई थप गति दिएको छ । भ्रमणको बेला प्रधानमन्त्री मोदीले दुवै पक्षले घोषणा गरेका नयाँ पहलले हाम्रा सिमानाले 'कनेक्टर' रूपमा काम गर्ने र हाम्रो नेपालसँगको सम्बन्ध भविष्यमा 'सुपरहिट' हुने कुरा सुनिश्चित गर्ने बताउनुभयो । यी पहलहरूमा नेपालगन्जस्थित एकीकृत जाँच चौकीको उद्घाटन, भैरहवामा अर्को एकीकृत जाँच चौकीको शिलान्यास र दोधारा चाँदनीमा नयाँ एकीकृत जाँच चौकीको स्थापना हेतु समझदारीपत्रमा हस्ताक्षर रहेका छन् । यसको अलावा सुदूरपश्चिमसँगको हाम्रो सम्पर्कलाई सुधार गर्न गत वर्षदेखि हामीले भारतको धार्चुला र नेपालको दार्चुला जोड्ने मोटरेबल पुलको निर्माण सुरू गरेका छौं । हालै सम्पन्न भारत भ्रमणको बेला नेपालको शिरसा र झुलाघाटमा महाकाली नदीमा भारतको चम्पावत र पिथौरागढ जिल्ला जोड्ने दुईवटा नयाँ पुल निर्माण गर्ने घोषणा पनि भएको छ । हाम्रो रेलमार्ग कनेक्टिभिटीलाई अगाडि बढाउने क्रममा जयनगर–कुर्था रेलमार्गलाई बिजलपुरासम्म विस्तार गरी नेपाल सरकारलाई हस्तान्तरण गरियो । त्यस्तै भारतको बथनाहादेखि विराटनगर नजिकै रहेको नेपाल भन्सार यार्डसम्म भारत र नेपाल जोड्ने मालबाहक रेलसेवाको उद्घाटन भएको छ । यी परियोजनाहरूको सञ्चालनका साथै भारतको आन्तरिक जलमार्गमा पहुँच प्रदान गर्ने संशोधित पारवहन सन्धिमा भएको हस्ताक्षरले दुई देशबीच मानिसको आवतजावत र सामानको आपूर्तिलाई थप सहज बनाउनुका साथै हाम्रो व्यापारिक, आर्थिक र जनता–जनता बीचको साझेदारीलाई थप सुदृढ बनाउनेछ ।

विगत केही वर्षमा भारत र नेपालबीचको ऊर्जा कनेक्टिभिटीमा उल्लेखनीय प्रगति भएको छ । नेपालको भारतसँगको जलविद्युत् निर्यात दुई वर्षअघि निकै नै कम रहेकोमा गत वर्ष यो बढेर ४५२ मेगावाट पुगेको छ । हालै अन्तरदेशीय ऊर्जा व्यापारका लागि नेपालले Day Ahead बजार बाहेक Real-time बजारको पनि सुविधा पाएको छ । भारततर्फको दोस्रो ४०० केभी क्षमताको गोरखपुर–न्यु बुटवल प्रसारणलाइनको शिलान्यासले हाम्रो ऊर्जा व्यापारलाई टेवा पुर्‍याउने सम्भावना रहेको छ । नेपालका प्रधानमन्त्रीको हालै सम्पन्न भारत भ्रमणको अर्को महत्वपूर्ण उपलब्धि भनेको दुई देशबीच दीर्घकालीन ऊर्जा व्यापार सम्झौतामा भएको सहमति हो । यस सहमति अन्तर्गत दुवै पक्षले १० वर्षको अवधिमा नेपालबाट भारततर्फ हुने विद्युत निर्यातको मात्रा १०००० मेगावाट पुर्‍याउने कोशिस गर्नेछन् । भारतीय कम्पनीले निर्माण गरिरहेको ९०० मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत परियोजना र अन्य परियोजना जस्तै पश्चिम सेती र एसआर–६ को निर्माण कार्य अघि बढिरहेको छ । ४८० मेगावाटको फुकोट–कर्णाली र ६६९ मेगावाटको तल्लो अरूण जलविद्युत परियोजनाको विकासका लागि भएको नयाँ सम्झौताले यो क्षमतालाई थप वृद्धि गर्नेछ । क्षेत्रीय ऊर्जा कनेक्टिभिटीलाई अभिवृद्धि गर्न भारतीय ग्रिडमार्फत नेपालबाट बंगलादेशसम्मको पहिलो त्रिदेशीय विद्युत आपूर्तिलाई सहजीकरण गर्न पनि हामी सहमत भएका छौं । दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पेट्रोलियम पाइपलाइनको उद्घाटन सन् २०१९ मा भएको थियो र यसको सञ्चालनले नेपालको ऊर्जा लागत बचत भएको छ । प्रधानमन्त्री प्रचण्डजीको भारत भ्रमणका क्रममा मोतीहारी–अमलेखगञ्ज पाइपलाइनको दोस्रो चरणलाई अघि बढाउने र चितवनसम्म विस्तार गर्ने विषयमा पनि सहमति भएको थियो । दुवै पक्षले सिलगुडी र झापाबीच अर्को पाइपलाइन र भण्डारण सुविधाहरू स्थापना गर्न पनि सहमति जनाएका छन् । एनपीसीआई इन्टरनेशनल लिमिटेड र एनसीएचएल नेपालबीच समझदारीपत्रमा भएको हस्ताक्षरले दुई देशबीचका डिजिटल भुक्तानी प्रणालीलाई जोड्नुका साथै भारत र नेपालबीच निर्बाध वित्तीय कनेक्टिभिटी सिर्जना गर्न मद्दत गर्नेछ ।

विभिन्न परियोजनामा भएको प्रगति बाहेक मन्त्रीस्तरीय बैठक तथा भेटवार्ताले हाम्रो सम्बन्धलाई गति दिएको छ । नेपालको तर्फबाट अर्थमन्त्रीले सहभागीता जनाउने जी–२० बैठकको फाइनान्स ट्र्याकमा नेपाललाई आमन्त्रण गरिएको छ । पछिल्ला केही महिनामा नेपालबाट रक्षामन्त्री, कृषिमन्त्री र सञ्चारमन्त्रीलगायत अन्य मन्त्रीस्तरीय भ्रमणहरू भएका छन् । मन्त्रीस्तरीय सहभागितामा नेपाल अन्तर्राष्ट्रिय बिग क्याट अलायन्सको संस्थापक सदस्य बनेको छ । हाम्रा परराष्ट्र मन्त्रीहरूबीच पनि नियमित अन्तरक्रिया भइरहेको छ । यस किसिमका नियमित उच्च स्तरीय अन्तरक्रियाले हाम्रो सम्बन्धलाई हिमाल जत्तिकै उचाइमा पुर्‍याउन हाम्रा दुई प्रधानमन्त्रीले निर्धारण गरेको पथमा अघि बढ्न हौसला प्रदान गरेको छ ।

नेपालमा रहनुभएका भारतीय समुदायले बलियो सम्बन्ध बनाउन हेतु दुतावासले लिएका पहलहरूको सदैव उत्साहका साथ समर्थन गर्दै आउनुभएको छ । हाम्रा नागरिकहरूले हाम्रा कामहरूमा देखाउनुभएको साथ सहयोगको प्रशंसा गर्न चाहन्छु । हामीले नेपालसँगको बहुआयामिक साझेदारीलाई थप विस्तार गर्न एवम् मजबुत बनाउनका लागि हाम्रा देशबासी तथा नेपालमा रहनु भएका भारतका मित्रहरूसँग निरन्तर काम गर्नेछौं ।

यहाँहरू सबैमा ७७ औं स्वतन्त्रता दिवसको हार्दिक शुभकामना । जय हिन्द ।

नवीन श्रीवास्तव

## नेपालका सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमण








## उच्चस्तरीय भेटवार्ता




o भारतका विदेशमन्त्री डा. एस जयशंकरले मिति २०८० श्रावण १ गते बैंककमा आयोजित बिमस्टेक राष्ट्रका विदेशमन्त्रीस्तरीय बैठकको साइडलाइन वार्ता र मिति २०८० वैशाख २९ गते ढाकामा आयोजित छैठौं हिन्द महासागर सम्मेलनमा नेपालका परराष्ट्रमन्त्री मा. नारायण प्रकाश साउदसँग भेटवार्ता गर्नुभयो ।



o नेपालका तत्कालीन रक्षामन्त्री मा. हरि प्रसाद उप्रेतीले एरो इण्डिया २०२३ को साइडलाइन वार्तामा भारतीय समकक्षी श्री राजनाथ सिंहसँग २०७९ माघ २० गते छलफल गर्नुभयो ।




o जी–२० मुलुकका अर्थमन्त्री र केन्द्रीय बैंक गभर्नरको बैठकहरूको साइडलाइन वार्तामा भारतका अर्थमन्त्री श्रीमती निर्मला सीतारमणले २०८० श्रावण २ गते नेपालका अर्थमन्त्री मा. डा. प्रकाशशरण महतसँग र २०७९ फागुन १३ गते नेपालका तत्कालीन अर्थमन्त्री मा. विष्णु पौडेलसँग भेटवार्ता गर्नुभयो ।



o नेपालका सञ्चार तथा सूचना प्रविधि मन्त्री मा. रेखा शर्माले नयाँ दिल्लीस्थित ITU Area Office and Innovation Centre को उद्घाटन समारोहमा सरिक हुन मिति २०७९ चैत्र ८–९ गते भारतको भ्रमण गर्नुभयो ।



o भारतका विदेश सचिव श्री विनय मोहन क्वात्राले नेपाली समकक्षी श्री भरतराज पौड्यालको निमन्त्रणामा मिति २०७९ फाल्गुण १–२ गते काठमाडौंको भ्रमण गर्नुभयो ।

## भारत-नेपाल विकास साझेदारी

विकास साझेदारी भारत-नेपाल सम्बन्धको महत्वपूर्ण पक्षको रूपमा रहेको छ । यो साझेदारीले जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ । पछिल्लो एक वर्षमा कुल ७६ वटा विकास साझेदारी परियोजनाको सफलतापूर्वक उद्घाटन भयो । ठूला परियोजनाहरूः नेपालगन्जस्थित एकीकृत जाँच चौकीको उद्घाटन, जयनगर-बर्दिबास रेलमार्गको कुर्था-बिजलपुरा खण्डको सञ्चालन, भारतको बथनाहादेखि नेपाल भन्सार यार्डबीच सञ्चालन हुने मालबाहक रेलसेवाले दुई देशबीच आधुनिक तथा मल्टिमोडल कनेक्टिभिटि स्थापना गर्न मद्दत गर्छ । पुनर्निर्माण एवं एचआइसिडिपी परियोजनाहरूः २०१५को भुकम्प पश्चातको ४८ वटा परियोजनाहरू तथा २५ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरूले सकारात्मक योगदान पुर्‍याएको छ ।

### भारत-नेपाल सम्पर्क संजालको सुदृढीकरण




नेपालगन्जस्थित एकीकृत जाँच चौकीको उद्घाटन



जयनगर-बर्दिबास रेलमार्गको कुर्था-बिजलपुरा खण्डको हस्तान्तरण




रक्सौल-काठमाडौं रेलमार्गको फाइनल लोकेसन सर्भे रिपोर्ट हस्तान्तरण



NPCIL (भारत) र NCHL (नेपाल) बीच क्रसबोर्डर डिजिटल भुक्तानीको लागि सम्झौता



बथनाहा (भारत) र नेपाल भन्सार यार्ड विराटनगर (नेपाल) बीच मालबाहक रेल संचालन



मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पदार्थ पाइपलाइन फेज २ शिलान्यास

### सन् २००३ देखिका उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू

| | |
|---|---|
| ५४४ | अघि बढाइएको |
| ४८० | निर्माण सम्पन्न |
| ६८ | निर्माणाधीन |
















**२३४** स्कुल बस उपहारस्वरूप प्रदान




**९७४** एम्बुलेन्स उपहारस्वरूप प्रदान



**२००** मिर्गौला डायलाइसिस मेसिन प्रदान

## वसुधैव कुटुम्बकमका लागि योग





### अन्तर्राष्ट्रिय योग दिवस

अन्तर्राष्ट्रिय योग दिवस २०२३ को उत्सवकै एक हिस्सा अनुरूप भारतीय राजदूतावासले स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रसँगको सहकार्यमा लुम्बिनी र पोखरामा योग शिविरहरूको आयोजना गर्‍यो ।



## साँस्कृतिक सम्बन्ध



**जनकपुर साँस्कृतिक महोत्सव :** दूतावासले जनकपुरस्थित मिथिला यात्री निवासमा जनकपुरधाम साँस्कृतिक महोत्सवको २०८० बैशाख १५ गते आयोजना गर्यो । लोक साँस्कृतिक कार्यक्रम र मैथिली फुड फेस्टिभल कार्यक्रमको विशेष आकर्षणको रूपमा रहेको थियो ।




**सङ्गीत सुकून :** भारत र नेपालबीचको कूटनीतिक सम्बन्धको ७५ वर्ष मनाउन भारतीय राजदूतावासले २०७९ माघ ६ गते 'सङ्गीत सुकून' साङ्गीतिक कार्यक्रमको आयोजना गर्यो । उक्त कार्यक्रममा नेपालका सम्माननीय प्रधानमन्त्री तथा अन्य नेताहरूको उपस्थिति थियो ।

## रक्षा सहकार्य




**सूर्य किरण :** भारत–नेपाल संयुक्त सैन्य अभ्यास 'सूर्य किरण' को १६ औं संस्करण सन् २०२२ डिसेम्बरमा नेपालमा सञ्चालन भयो । दुवै देशका इन्फेन्ट्री बटालियनले सँगै प्रशिक्षण लिए ।




नेपाली सेनाको प्राविधिक क्षमता अभिवृद्धिका लागि भारतीय सेनाध्यक्ष जनरल मनोज पाण्डेले हलुका सवारीसाधनसहितका उपकरणहरू उपहारस्वरूप हस्तान्तरण गर्नुभयो ।

## शैक्षिक आदान प्रदान



o भारत साथसाथै नेपालमा विभिन्न कोर्ष अध्ययनका लागि भारतले हरेक वर्ष करिब १५०० छात्रवृति प्रदान गर्दै आएको छ ।

**नेपालमा अध्ययनका लागि**

| | |
|---|---|
| ५०० | कक्षा ११ र १२ मा अध्ययनका लागि महात्मा गान्धी छात्रवृति योजना अन्तर्गत |
| २०० | विभिन्न स्नातक कोर्षका लागि स्वर्ण जयन्ती छात्रवृति योजना अन्तर्गत |

**भारतमा अध्ययनका लागि**

| | |
|---|---|
| ७०० | विभिन्न स्नातक, स्नातकोत्तर र विद्यावारिधी कोर्षहरूका लागि |
| ३३ | भारतको आर्मी पब्लिक स्कुलहरूमा अध्ययनका लागि |

## क्षेत्रगत सहकार्य

१०औं एलओसी समीक्षा बैठक: मिति २०८० श्रावण २५ गते काठमाडौंमा आयोजित १० औं भारत नेपाल लाइन अफ क्रेडिट (एलओसी) समीक्षा बैठकले विभिन्न चरणमा रहेका परियोजनाको प्रगतिबारे समीक्षा गर्‍यो ।

